# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### लाकुरीभञ्ज्याङ, नुवाकोट
### बागमती प्रदेश, नेपाल

**प.सं.:२०८१/०८२**
**सू.नं.:** ८०

**धानको उन्नत बीउ उपयोगमा ५० % मूल्य अनुदान कार्यक्रमका लागि धानको उन्नत बीउ माग गर्ने सम्बन्धी सूचना !!!**

**प्रकाशित मिति: २०८२/०१/०४**

संध, प्रदेश र स्थानीय तहको समन्वय तथा सहकार्यमा गुणस्तरिय बीउ विजनको उत्पादन, आपूर्ती तथा वितरण प्रणालीको सुदृढीकरण तथा स्वदेशी जातको प्रवर्द्धन गर्न स्वीकृत बीउ बिजन उत्पादन आपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम चालु आर्थिक वर्ष २०८१/०८२ मा संघीय सर्शत बजेट मार्फत प्राप्त कार्यक्रम अनुसार यस कार्यालयबाट संचालन हुने धान बालीको उन्नत बीउ उपयोगमा ५० % मूल्य अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक कृषक, कृषक समूह तथा कृषक सहकारीहरुलाई मिति २०८२/०१/११ गते सम्म उन्नत धानको आवश्यक बीउ यस पालिकाको कृषि विकास शाखामा माग गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| क्र. सं | बिउको प्रकार | उन्नत धानका जात हरू | उन्नत बिउ प्रति के.जी | उन्नत बिउ प्रयोगकर्तालाई उपलब्ध हुने मुल्य अनुदान |
|---|---|---|---|---|
| १. | मोटो /मध्यम | सुख्खा धान ५, हर्दिनाथ ६, राधा ४ | ६२ | बीउ बिजन उत्पादन आपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम ५०% अनुदान उपलब्ध हुने |
| २. | मसिनो | हर्दिनाथ ६, रामधान, हदिनाथ सावा मन्सुली | ६८ | |
| ३ | खुमल शृङखलाका जातहरु | खुमल ४, खुमल ११, खुमल बासमती १६, प्रोखरेली जेठोबुडो, लल्का बास्मती | ९८ | |

पुनश्च

- माथि उल्लेखित जातहरू भन्दा सिफारिस भएका अन्य जातको बिउ लगाउने कृषकको संख्या प्रयाप्त भएमा अन्य बिउ समेत माग गर्न सकिनेछ,
- माग भएको बिउ गाउँपालिका बाट कृषक आफैले ढुवानी व्यवस्था गर्नु पर्नेछ ।

**आवश्यक कागजातहरु:**

- रु १० को टिकट टाँस गरेको कृषक समुह/कृषि सहकारी/कृषि फर्म/उद्यमी कृषकको नाम, ठेगाना, सम्पर्क नं खुलेको निवेदन,
- कृषक समुह/कृषि सहकारी/उद्यमी कृषक/कृषि फर्मको दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपि, दर्ता प्रमाणपत्र र पछिल्लो आ.व को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- कृषक समुह/कृषि सहकारीको हकमा कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपि,
- धान लगाउने क्षेत्रफल / स्वामीत्व खुल्ने जग्गाको कागजात
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (कृषक समुह/कृषि सहकारीको पदाधिकारीको मात्र),
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**थप जानकारीको लागि–९८६६४७९३००, ९८५८३६६८०४,९७६३३३४७४२, ९८४१९०३२७ (कृषि विकास शाखा)**

हेम नारायण महतो
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

